सियारी गाउँपालिका
Siyari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

**Office Of Rural Municipal Executive**

हर्नैया, रुपन्देही
Harnaiya, Rupandehi
( सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई)

लुम्बिनी प्रदेश नेपाल
Lumbini Province Nepal

च.नं./Ref No.: ३४०६
प.सं./Dispatch No.: ०८१/८०

## विषयःजानकारी सम्बन्धमा ।

सियारी गाउँपालिकाबाट नियमित रुपमा सामाजिक सुरक्षा भत्ता वितरण समयमा नै हुदै आईरहेको सर्वविदितै छ । तर वास्ताविकता नबुझी सामाजकि सञ्जालबाट सामाजिक सुरक्षा भत्ता वितरणको विषयमा जनगुनासो देखिएकोमा सियारी गा.पा.को ध्यानकर्षण भएको छ । सामाजिक सुरक्षा ऐन ( पहिलो संशोधन ), २०७९ को दफा ३ बमोजिमका नेपाली नागरिकले नियमावली ,२०७६ को नियम ५ मा उल्लेखित कागजात सहित आफ्नो स्थायी बासोबास गर्ने वडा कार्यालयमा निवेदन दिई नियमावलीको नियम ६ बमोजिमको प्रकृया अनुसार तेस्रो त्रैमासिक ( माघ, फागुन, चैत्र ) सम्म सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको मुल अभिलेखमा सूचिकृत जेष्ठ नागरिक ( ६८ बर्ष माथि ), जेष्ठ नागरिक एकल महिल ( ६० बर्ष माथि ), जेष्ठ नागरिक दलित ( ६० बर्ष माथि ), विधवा महिला, अपाङ्गता भएको व्यक्ति, दलित बालबालिका तथा लोपोन्मुख जातजातिहरुको सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि सम्झौता भएको तपसिलको बैंकमा मिति २०७९।१२।१५ गते कोष तथा लेखा नियन्त्रक कार्यालय, रुपन्देही मार्फत रकम निकास भै सबै बैंकले तेस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण कार्य समेत सम्पन्न गरि सकेको व्यहोरा यो सूचना मार्फत जनकारी गराइन्छ। साथै यस्ता भ्रम्र नफैलाउन तथा यस्ता भम्रको पछाडि नलाग्न सबैलाई अनुरोध छ ।

सियारी गाउँपालिकामा मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधी उपचार खर्च उपलब्ध गराउने कार्यविधि २०७८ को दफा ३ बमोजिम निवेदन स्थानिय तहमा दर्ता गराई सोही कार्यविधिको दफा ४ बमोजिम मासिक पाँच हजार रुपिया औषधी उपचार खर्च पाउने लाभग्राहीहरुलाई भुक्तानी हुने रकम स्वास्थ्य मन्त्रालयबाट प्राप्त भै न सकेको कारणले गर्दा निजहरुले पाउने तेस्रो त्रैमासिक ( माघ, फागुन, चैत्र ) औषधी उपचार खर्च बापतको रकम निजहरु खातामा जम्मानभएको हुदाँ मन्त्रालयबाट निकास हुन साथ निजहरुको खातामा जम्मा हुने व्यहोरा यो सूचना मार्फत अनुरोध छ ।

तपसिलः

१. वडा नं. १ को लागि सामाजिक सुरक्षा भत्ता वितरणको लागि सम्झौता भएको बैंकः कामना सेवा विकास बैंक, कैलाशनगर
२. वडा नं. २ र ३ को लागि सामाजिक सुरक्षा भत्ता वितरणको लागि सम्झौता भएको बैंकः एन आई सि एसिया बैंक, हर्नैया
३. वडा नं. ४ र ५ को लागि सामाजिक सुरक्षा भत्ता वितरणको लागि सम्झौता भएको बैंकः कृषि विकास बैंक, दयानगर
४. वडा नं. ६ को लागि सामाजिक सुरक्षा भत्ता वितरणको लागि सम्झौता भएको बैंकः नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, अमवा
५. वडा नं. ७ को लागि सामाजिक सुरक्षा भत्ता वितरणको लागि सम्झौता भएको बैंकः ज्योति विकास बैंक, अमवा

२०८०।०१।२०

नि० प्रमुख प्रशासकीय अधिकृत